ताप्ली गाउँपालिकाको स्थानीय कर्मचारी सरुवा तथा व्यवस्थापन कार्यविधि २०८०

प्रस्तावना: नेपाल अधिराज्यलाई संघीय लोकतान्तत्रिक गणतन्त्रात्मक मुलुकमा परिणत गर्दै जारी भएको नेपालको संविधान (२०७२) मा नै सपष्ट रुपमा ३ तहको सरकार रहने व्यवस्था गरिएको छ । जस मध्ये नागरिकको सबै भन्दा नजीकको सरकारको रुपमा स्थानीय तह स्थापित भएको अवस्था छ । नागरिकको दैनिक कार्य तथा नैसर्गिक अधिकारको विषयमा नजीकबाट सेवा प्रवाह गर्ने सरकारको रुपमा स्थानीय सरकार रहेको अवस्था छ । यसै सन्दर्भमा यस ताप्ली गाउँपालिकामा समायोजन भई आएका तथा आयोगले लिएको परीक्षामा प्रतिष्पर्धा गरी आएका स्थानीय कर्मचारीको सरुवा गर्ने तथा उचित व्यवस्थापन गर्ने प्रयोजनार्थ कार्यविधिगत व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेशको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८०" को दफा २३ को उपदफा १ मा भएको व्यवस्था बमोजिम कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

क) यस कार्यविधिको नाम "**ताप्ली गाउँपालिकाको स्थानीय कर्मचारी सरुवा तथा व्यवस्थापन कार्यविधि २०८०**" रहेको छ ।

ख) यो कार्यविधि ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वकीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) कार्यविधि भन्नाले ताप्ली गाउँपालिकाको स्थानीय कर्मचारी सरुवा तथा व्यवस्थापन कार्यविधि २०८० लाई सम्झिनु पर्छ ।

ख) प्रमुख प्रशासकीय अधिकृत भन्नाले यस ताप्ली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ग) गाउँपालिका भन्नाले ताप्ली गाउँपालिका सम्झिनु पर्छ ।

घ) कार्यपालिका भन्नाले यस ताप्ली गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

ङ) पदाधिकारी भन्नाले गाउँपालिकाको पछिल्लो निर्वाचनबाट निर्वाचित जुन सुकै पदाधिकारी सम्झनु पर्छ ।

च) नागरिक भन्नाले गाउँपालिका भित्र स्थायी बसोबास भएको नागरिक सम्झनु पर्छ ।

छ) कर्मचारी भन्नाले यस गाउँपालिकामा कार्यरत स्थानीय सेवाको कर्मचारी सम्झनु पर्छ । उक्त शब्दले करार सेवामा कार्यरत कर्मचारी समेतलाई जनाउँछ ।

परिच्छेद-२

## सरुवा र काज

३. सरुवा एवं काजः

क) यस ताप्ली गाउँपालिका भित्र स्थानीय सेवाका कर्मचारीलाई सरुवा तथा काजमा खटाउने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

ख) गाउँपालिकाको कुनै एक कार्यालयमा २ बर्ष सेवा अवधी पुगेको कर्मचारीलाई समान पद र तहमा हरेक बर्षको भदौ महिनामा सरुवा गर्न सकिने छ।

ग) कुनै कर्मचारीको विषयमा नागरिक वा पदाधिकारीले गुनासो गरेमा कार्यपालिकाको सुझाव बमोजिम जुन सुकै समयमा सरुवा गर्न सकिनेछ।

घ) कुनै विषम परिस्थिति वा विशेषज्ञताको आधारमा कर्मचारीलाई एक पटकमा ३ महिनामा नबढ्ने गरी बढिमा १ बर्षको लागि काजमा खटाउन सकिने छ।

परिच्छेद-३

## सरुवा र काजमा जाने कर्मचारीलाई सेवा सुविधा

४. सरुवा वा काजमा जाने कर्मचारीलाई देहाय बमोजिम सुविधा प्रदान गरिनेछ।

क) प्रचलित कानुनले व्यवस्था गरे बमोजिमको फुटकर खर्च।

ख) कर्मचारीको अनुरोधमा गाउँपालिकाबाट सवारी साधनको व्यवस्था।

ग) उपदफा (क) र (ख) मध्ये कुनै एक सुविधा मात्र उपलब्ध हुनेछ। सूविधाको छनोट गर्ने अधिकार सरुवा वा काजमा खटिई जाने कर्मचरीलाई हुनेछ।

घ) उपदफा (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि काजमा खटिएको कर्मचारीलाई निर्णय गरी सोहि कार्यालयमा काज थप गरिएको अवस्थामा पुन उल्लेखित सुविधा दिइने छैन।

परिच्छेद- ४

## विविध

५. बाधा अड्काउ फुकाउ: यस निर्देशिका बमोजिम कुनै विषयमा दुविधा वा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरेर बाधा अड्काउ फुकाउ गर्न सक्नेछ र सो निर्णय यसै कार्यविधिको अभिन्न अंग मानिनेछ।

६. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भए भन्दा बाहेकका कुनै पनि विषय प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

७. कार्यविधि संशोधन: गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले यस कार्यविधि संशोधन तथा थपघट गर्न सक्नेछ।

८. खारेजी: ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि खारेजी गर्न सक्नेछ।